# श्री शिवगंगा सामुदायिक वन उपभोक्ता समूह

## ध.उ.म.न.पा.१७,कैलाली

### काठ लिलाम विक्री सम्वन्धि विस्तृत विवरण सहितको सूचना !!!

( सौर्य दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०७९/१०/२५)

उपरोक्त विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वन क्षेत्रबाट आ.व.२०७८।०७९ मा स्वीकृत कार्य योजना अनुसार संकलन भै सा.व.उ.स.कम्पाउण्डमा घाटगद्दी भएको साल काठ तपशिल बमोजिमको लट कायम गरी जे जस्तो अवस्थामा छ । सोही अवस्थामा सिलवन्दी वोलपत्रद्धारा लिलाम विक्री गर्नु परेको हुंदा मुल्य अभिवृद्धि करमा दर्ता भएका काठ व्यवसायी फर्म वा उद्योगले मात्र निम्न शर्तको अधिनमा रही यो सम्वन्धि सूचना ( **सौर्य दैनिक पत्रिकामा प्रथम पटक** प्रकाशित भएको मितिले २१ दिन भित्र जिल्ला प्रशासन कार्यालय कैलाली, डिभिजन वन कार्यालय धनगढी कैलाली र यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयबाट वोलपत्र खरीद गरी २२ औ दिनको ३.० वजे भित्र यस सा.व.उ.स. कार्यालयमा सिलवन्दी वोलपत्र दाखिला गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएका छ ।

तपशिल

| सि. नं. | लट नं /आ.व. २०७९/०८० | घाटगद्धी स्थान | जात | ग्रेड | थान | परिमाण क्यू.फी | न्यूनतम मुल्य प्रति क्यु.फिट/प्रति चट्टा रु. | लागत खर्च प्रति क्यु.फिट |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/०७९।०८० | सा.व.उ.स. कम्पाउण्ड | साल गोलिया | ए | २७ | ३३७।९३ | १०००।०० | १६०।० |
| | | | | बि | ४३ | ५३२।७३ | ७००।०० | |
| | | | | सि | १२ | ९९।८७ | ५००।०० | |
| | | | | डि | १ | ३।९३ | ३००।०० | |
| | | | **जम्मा** | | ८३ | ९७४।४६ | | |

## शर्तहरु

१.यो सम्वन्धि सूचना **सौर्य दैनिक पत्रिकामा प्रथम पटक** पत्रिकामा प्रकाशित मितिले २१ दिन भित्रमा मु.अ.कर दर्ता भएका काठ व्यवसायी ,फर्मले रु १०००।०० (फिर्ता नहुनेगरि) तिरी श्री जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय र यस सा.व.उ.स को कार्यालयबाट वोलपत्र फाराम २१ औ दिनको ३:०० वजे भित्र खरिद गर्न सकिनेछ ।

२. आफुले सकार गरेको अंकको १०% ले हुने धरौटी बापतको रकम सा.व.उ.स.को नाममा रहेको श्री ........................................................**धनगढी शाखाको** हि.नं..............................................मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैकको ६ महिनाको बैक ग्यारेण्टी, मु.अ.करमा दर्ता भएको प्रमाणपत्र, काठ व्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत वोलपत्रसाथ संलग्न गरी शिलबन्दी वोलपत्र पेश गर्नु पर्नेछ ।

३. वोलपत्र खरिद गर्ने अन्तिम दिन वा वोलपत्र दाखिला गर्ने अन्तिम दिन विदा परेमा कमश: कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै वोलपत्र विकी, दर्ता, खोल्ने कार्य हुनेछ ।

४. वोलपत्र दाताले वोलपत्रमा आफनो नाम ठेगाना लेखी दस्तखत गरी फर्म वा संस्थाको छाप समेत लगाई खाममा राखी शिलवन्दी गरी खामको बांया तर्फ आफनो नाम ठेगाना लेखी फर्म वा संस्थाको छाप समेत लगाई दार्यातर्फ वोलपत्र पेश हुने कार्यालयको नाम, विषय र लट नं उल्लेख गरी वोलपत्र पेश गर्नु पर्नेछ ।

५. वोलपत्र पेश गर्दा आफुले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. सिलवन्दी वोलपत्रहरु सूचना प्रकाशित भएका मितिले २२ औ दिनको ३.०० वजे भित्रमा यस सा.व.उ.स को कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

७. निर्धारित म्याद भित्र रितपुर्वक दर्ता हुन आएका वोलपत्र सूचना प्रकाशित भएका मितिले २३ औ दिनको ११.०० वजे (वोलपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि) नियमानुसार यस सा.व.उ.स.को कार्यालयमा वोलपत्र खोलिनेछ ।

८. पर्न आएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस समुहको कार्य समितिमा निहित रहने छ । म्याद नाघि आएको वा शर्त राखेको र रीत नपुगेको वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. वोलपत्र स्वीकृत भएको सूचना वोलपत्र खोलिएको मितिले वढीमा ७ दिन भित्र यस सा.व.उ.स.को कार्यालयमा सूचना पार्टिमा टांस गरिने छ । यो सूचना टांस भएको मितिले १५ दिन भित्र सम्वन्धित सकारकर्ताले सकार रकम जम्मा गर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा नगरेमा उक्त लटको लागी राखेको धरौटी नियमानुसार जफत गरी १० भित्र परेका क्रमश: दोस्रो, तेस्रो र चौथोलाई रकम दाखिला गर्न सूचना प्रकाशित गरिने छ । सो को जानकारी सकारकर्ता स्वयंमले लिनु पर्नेछ ।

१०. वोलपत्रदाताले काठ हेर्न चाहेमा उपभोक्ता समुहको घाटगढीमा हेर्न सकिने छ ।

११. सकारकर्ताले सकार गरेको सकार रकमको अतिरिक्त नियमानुसार लाग्ने मु.अ.कर, संकलन खर्च रकम समेत थप दाखिला गर्नु पर्नेछ ।

१२. अन्य जानकारीका लागी कार्यालय समयमा यस सा.व.उ.स.को कार्यालयमा तथा डिभिजन वन कार्यालय कैलाली धनगढीमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०७९ साल माघ २५ गते रोज ४ शुभम् ।

CS CamScanner